ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्कीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनुका साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कूल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ ।

रवि लामिछानेले ओढेको 'लोकरिभ्याईं' को खास्टो ② | डिसिएको उपाधी स्टेपिङ स्टोनलाई ③ | सीमित श्रोतसधानका कारण काम गर्न समस्या : मेयर भट्ट ④

वर्ष २१ अंक १६९ वि.सं. २०७९ माघ १९ गते बिहीबार (Feb. 2 Thursday 2023) मुल्य रु. ४/- पेज -४

सुदूरपश्चिम प्रदेश सभा

## सभा सञ्चालनका लागि कार्य व्यवस्थाको बैठक आह्वान गर्दै सभामुख

**पोष्ट संवाददाता**

धनगढी । मुख्यमन्त्रीको विश्वासको मत पाउने वा नपाउने भन्ने अन्यौलताका कारण अस्तव्यस्त बनेको प्रदेश सभा बैठक सुचारु गर्न सभामुखले कार्यव्यवस्था तथा परामर्श समितिको बैठक बोलाउने तयारी गरेका छन् ।

मुख्यमन्त्री, सभामुख र उप सभामुख चयन गर्न समर्थन जनाएको नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत नदिने अडान लगेपछि प्रदेश सभा बैठक बस्न सकेको थिएन । मुख्यमन्त्रीले विश्वासको मत लग्ने समय नजिकिन थालेसंगै प्रदेश सभा बैठक आह्वानका लागि सभामुख भीमबहादुर भण्डारीले कार्यव्यवस्था तथा परामर्श समितिको बैठक बोलाउने तयारी गरेका हुन् ।

'बुधबारनै कार्यव्यवस्था तथा परामर्श समितिको बैठक बोलाउने तयारी गरिएको थियो,' सभामुख भण्डारीले भने, 'तर केही माननीयज्यूहरु बाहिर रहेका कारण बैठक बस्न सम्भव भएन, सवैसंग समन्वय गरेर बिहीबार (आज) वा शुक्रबार सम्म कार्यव्यवस्था परामर्श समितिको बैठक बोलाइने छ ।'

कार्यव्यवस्था तथा परामर्श समितिको बैठकमा दलहरुको साझा धारणा बनाई सोही अनुसार प्रदेश सभा बैठक आह्वान गरिने सभामुख भण्डारीले बताए । अव बस्ने पहिलो प्रदेश सभा बैठकको एजेण्डा मुख्यमन्त्रीको विश्वाको मत हुने उनले बताए । 'प्रदेश सभामा अहिले बिजिनेश पनि छैन,' उनले भने, 'मुख्यमन्त्रीले विश्वासको मत लग्ने समय पनि नजिकिन थालेको छ, त्यसैले अवको प्रदेश सभा बैठकको पहिलो एजेण्डानै विश्वासको मत हुने छ ।'

मुख्यमन्त्री राजेन्द्रसिंह रावल बिश्वासको मत लगायत सरकारको भागबण्डाको बिषयका बारेमा शिर्ष नेतासँग छलफल गर्न काठमाण्डौं गएका थिए । तर मुख्यमन्त्री रावल सुदुरपश्चिम फर्किसकेपछि पनी अहिलेसम्म ठोस छलफल र सहमती के भयो भन्नेबारे बाहिर आएको छैन् ।

प्रदेश सभाको बैठक अनिश्चित बन्दा मुख्यमन्त्रीको विश्वासको मतबारे अझै टुंगो लाग्न सकेको छैन् । उता नागरिक उन्मुक्ती पार्टिले आफ्ना मुद्धा सम्बोधन नभएसम्म बिश्वासको मत नदिने बताउँदै आएको छ । नागरिक उन्मुक्तिका प्रदेश संसदीय दलका नेता रामेश्वर चौधरीले हाम्रा माग सम्बोधन नभएसम्म बिश्वासको मत दिन नसक्ने बताएका छन् ।

नागरिक उन्मुक्तिले सरकारमा सहभागिता र विश्वासको मतका लागि टीकापुर घटनामा जेलजीवन बिताइरहेका पार्टीका संरक्षक रेमश चौधरीसहित अन्य ६ जनालाई रिहाइको प्रक्रिया सरकारले सुरु गर्नुपर्ने सर्त राखेको छ । सरकारलाई बहुमत पुऱ्याउन निर्णायक रहेको नागरिक उन्मुक्ति पार्टीसँग सत्तापक्षको ठोस सहमति नहुँदा मुख्यमन्त्रीले विश्वासको मत लिन सकेका छैनन् ।

मन्त्रिपरिषद् विस्तार र विश्वासको मत लिने विषयमा सत्ता गठबन्धन दलसँग छलफल भई रहेको मुख्यमन्त्री रावलले बताएका छन् । उनले निर्धारित अवधिभित्रै सरकारले सदनबाट विश्वासको मत लिने बताए । मुख्यमन्त्री नियुक्त भएको एक महिनाभित्र विश्वासको मत लिइसक्नुपर्छ ।

सत्ता गठबन्धन दलबीच भएको भागबण्डा बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्रीमा एमालेका राजेन्द्रसिंह रावल गत पुस २७ गते नियुक्त भएका थिए । पुस २८ गते नेकपा माओवादी केन्द्रका खगराज भट्ट र नेकपा एमालेका सन्तोष कुमारी शर्मा थापालाई मन्त्री नियुक्त गरि सपथ खाएका थिए ।

नागरिक उन्मुक्तिले साथ दिए मात्र यहाँ सत्तापक्षमा बहुमत पुग्ने अवस्था छ । माओवादी संसदीय दलका नेतासमेत रहेका विनाविभागीय मन्त्री खगराज भट्टले विश्वासको मत लिने र सरकारलाई पूर्णता दिने काम सँगसँगै लैजाने गरी छलफल भइरहेको बताए ।

नियुक्त मन्त्रीलाई जिम्मेवारी दिन बाँकी छ । सत्ता गठबन्धनको मुख्य घटक नागरिक उन्मुक्ति पार्टी सरकारमा सहभागी हुन तयार भई नसकेकाले मन्त्रिपरिषद् विस्तारमा ढिलाई भएको बुझिएको छ । सुदूरपश्चिममा मुख्यमन्त्रीको विश्वासको मतका लागि २७ जना प्रदेश सभा सदस्य आवस्यक पर्छ ।

सुदूरपश्चिम प्रदेशमा सुदूरपश्चिममा ५३ जना प्रदेश सभा सदस्य छन् । माओवादीका ११, एमालेका १०, नागरिक उन्मुक्तिका ७ र एक जना राप्रपाका प्रदेश सभा सदस्य छन् । यस्तै सत्तागठबन्धन बाहिर काँग्रेसका १९, समाजवादीका चार तथा एक जना स्वतन्त्र प्रदेश सभा सदस्य रहेका छन् । प्रदेश सभामा माओवादीका सभामुखबाहेक १०, एमालेका १० र राप्रपाको एक गरी सरकारमा सहभागी दलको २१ मत मात्रै पुग्दछ ।

## राजधानीको भोगाधिकार दिन बलायरको माग



**पोष्ट संवाददाता**

धनगढी । प्रतिनिधि सभा सदस्य बीरबहादुर बलायरले सुदुरपश्चिम प्रदेशको राजधानी तोकिएको गोदावरीको भोगाधिकार दिन संघिय सरकारलाई आग्रह गरेका छन् ।

बुधबार प्रतिनिधि सभा बैठकमा विशेष समय लगेर बल्दै उनले भोगाधिकार नपाउँदा राजधानी कागजमा मात्रै सिमित भएको भन्दै तत्काल जग्गाको भोगाधिकार दिन अपिल गरेका हुन् । सरकारले भोगाधिकार नदिएका कारण पाँच वर्ष सम्म प्रदेश राजधानीमा भौतिक पूर्वाधारको कुनै काम नभएको उनले बताए ।

सांसद् बलायरले अहिलेसम्म प्रदेश राजधानीको सीमाकंन र डीपीआरनै नभएको बताए । 'सातै प्रदेशमा राजधानी तोकिएका छन् । अरु प्रदेशका राजधानी पहिल्यै बनिसकेका सहरहरूमा तोकिएको छ । तर, सुदूरपश्चिममा जंगलमा राजधानी घोषणा भएको छ,' उनले भने, 'न ठाउँ फेर्न सक्ने अवस्था छ, न त कुनै संरचना बनाउन सकिएको छ ।' उनले भने, 'सुदुरपश्चिमको राजधानी जंगलमा छ । केन्द्रीय सरकारले भोगाधिकार दिएको छैन । २०७४ सालमा राजधानी घोषणा त गरियो । तर, सरकारले नाम मात्रैको राजधानी घोषणा गऱ्यो ।' उनले प्रदेशले राजधानी बनाउन नसक्ने भन्दै संघीय सरकारले त्यसका लागि बजेट र आवश्यक प्रक्रिया खुला राखिदिनुपर्ने बताए ।

बलायरले विभिन्न कारणाले देश जर्जर अवस्थामा गएको बताए । सरकारले आफ्ना व्यवहार नसच्याए स्थिति थप गम्भीर हुने उनको भनाइ छ । अहिले सुदुरपश्चिम प्रदेशको संसद्या ताला लागेको भन्दै दल गम्भीर बन्नुपर्ने बताए । यस्तै बलायरले मुलुक संघीयतामा गएपनि सुदूरपश्चिमलाई हेर्ने दृष्टिकोण नबदलिएको बताए । उनले 'मुलुकको आवश्यकतालाई महसुस गरेर हामीले सरकारलाई समर्थन दिएका हौं । तर, सरकारले प्रदेश राजधानीको जमीनको भोगाधिकार रोकेर राखेको छ ।

प्रदेश आफैंले प्रदेशको राजधानी बनाउन सक्ने अवस्था छैन,' उनले भने, 'हामीले विश्वासको मत यसका लागि दिएको होइन ।' उनले बितेको पाँच वर्षमा सुदूरपश्चिममा एउटा पनि राष्ट्रिय गौरवको आयोजना नदिएको बताए । 'बितेको पाँच वर्षमा सरकारले एउटा पनि राष्ट्रिय गौरवको आयोजना दिएन, अहिले पनि छैन । गेटा मेडिकल कलेज बनाइएको छ, तर सञ्चालन भएको छैन । सरकार त्यो मेडिकल कलेज सञ्चालन गर्न तत्पर छैन । अहिलेसम्म कार्यविधि समेत बनेको छैन,' उनले भने ।

खुटिया फास्ट ट्रयाक निर्माणमा पनि उनले सरकारको ध्यानाकर्षण गराएका छन् । देशका जुनसुकै कुनामा बस्ने नागरिकले पनि मेरो सरकार हो भन्ने अपनन्व महशुस गराउन सक्नुपर्ने उनले बताए।सांसद बलायरले संसद्या राजनीतिक शक्तिहरूको गतिविधि हेर्दा अहिलेको संविधान नै जोखिममा परेको अनुभूति हुने बताए ।

## कामको नतिजा देखाउँछु प्रमुख जिल्ला अधिकारी

**पोष्ट संवाददाता**

धनगढी । कैलालीका प्रमुख जिल्ला अधिकारी युवराज कटेलले कामको नतिजा देखाउने गरी काम गर्ने बताएका छन् ।

आफु सिमित आफ्नो जिम्मेवारी राम्रोसंग पुरा गर्ने उद्देश्य राखेर अगाडी बढ्ने भएका कारण काम कसरी उत्कृष्ट गर्ने भनेर सधै चिन्तित हुने गरेको उनले बताए ।

कैलाली जिल्लाको कार्यभार सम्हालेपछि सञ्चारकर्मीहरुसंग परिचयात्मक कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी कटेलले आफ्ना लागी कामनै महत्वपुर्ण भएका कारण नतिजा देखाउने गरी लाग्ने बताए । आफु कैलालीमा आएपछि तालिका अनुसार काम गर्ने सोच बनाएको उनले बताए । हरेक वडा देखी सेवाग्राहीको चाप हुने सरकारी कार्यालयको अनुगमन गरी कमी कमजोरी पत्ता लगाउने र तिनको निराकरणमा मेरो ध्यान जाने छ प्रमुख जिल्ला अधिकारी कटेलले भने 'म वडा देखी काम शुरु गर्छु, वडाले सिफारिश गरेको नागरिकता हामीले बनाउनुपर्ने हुन्छ, त्यहाँ कसरी सिफारिश भइरहेका छन् र कमीकमजोरी छन् भने तिनलाई सच्याउन लाउँछु, मालपोत, नापी कार्यालयहरुको सेवा प्रबाह म बुझ्छु के छ अवस्था के सुधार गर्नुपर्ने छ त्यता तिर लाग्ने छु ।'

म अहिलेनै यस्तो गर्छु भनेर भन्नु भन्दापनि म काम गरेर देखाउने छु कटेलले भने 'मैले सरकारले दिएको तलव खाएको छु, कसैले भन्ला नभन्ला मैले मेरो काम भने गर्नुपर्छ म त्यो काम गर्नेछु ।' पछिल्लो समय लागु औषध प्रयोगकर्ताहरुका् संख्या दिनप्रतिदिन बढेको भन्दै उनले त्यसलाई रोक्ने योजनाका साथ अघि बढ्ने बताए ।

## एक हजार ६ सय जनाको निशुल्क आँखा परिक्षण

### ४ सय ४५ जनाको निशुल्क शल्यक्रिया

**पोष्ट संवाददाता**

धनगढी । बझाङका तीन स्थानमा सञ्चालन गरिएको निशुल्क आँखा शिविरमा एक हजार ६ सय ३० जनाको निशुल्क आँखा परिक्षण गरिएको छ ।

नेपाल नेत्रज्योति संघ, गेटा आँखा अस्पताल र स्थानीय तहको संयुक्त आयोजनामा प्राथमिक स्वास्थ्य केन्द्र देउलेक, जिल्ला अस्पताल चैनपुर र झोतामा आँखा शिविर सञ्चालन गरिएको थियो । आँखा शिविर माघ ७ गते देखि १६ गते सम्म सञ्चालन भएको गेटा आँखा अस्पतालका बाह्य कार्यक्रम व्यवस्थापन रमेश चन्द्र भट्टले बताए ।

शिविरमा आँखा परिक्षण गरेका मध्य ४ सय ४३ जना मोतिविन्दु र दुई जना अन्य गरी ४ सय ४५ जनाको नि:शुल्क शल्यक्रिया गरिएको बाह्य कार्यक्रम व्यवस्थापक भट्टले बताए । तीन वटा स्थानमा गरिएको निशुल्क शिविरमा १ हजार १ सय ८५ जनाको आँखामा विभिन्न समस्या देखिएको थियो । उनिहरुलाई समेत नि:शुल्क औषधि प्रदान गरिएको भट्टले बताए ।

बाह्य कार्यक्तम व्यवस्थापक भट्टका अनुसार आँखा शिविरमा सेवा लिने मध्ये केही आर्थिक अभाव, तथा सेवा लिन अस्पताल आउन नसकेका मोतिविन्दुको कारणले दुबै आँखाको दृष्टि गुमाएर लामो समय देखि कष्टकर जीवन निर्वाह गरि रहेका आँखाका रोगीहरु रहेका थिए ।

गेटा आँखा अस्पतालका नेत्र विशेषज्ञ डा. अनिल गुरुङ्गको नेतृत्वमा संचालित उक्त




शिविरहरुमा, १५ जनाको प्राविधि टोली सहभागि रहेको थियो । शिविरहरु संचालनमा सम्बन्धीत स्वास्थ्य केन्द्र तथा पालिकाका कर्मचारीले महत्वपुर्ण सहयोग गरेका थिए । सुदूरपश्चिम प्रदेशमा आँखाको उपचार सेवामा पहूँच बढाई अन्धोपन न्यूनीकरण गर्न गेटा आँखा अस्पतालले महेन्द्रनगर, टीकापुर र डडेल्धुरामा नेत्र विशेषज्ञ सेवा सहितको अस्पताल स्थापना गरि आँखा उपचार तथा अप्रेशन सेवा प्रदान गर्दै आएको छ ।

यसैगरी आँखा उपचार केन्द्र धनगढीमा हप्तामा एक पटक प्रत्येक बिहिवार र आँखा उपचार केन्द्र बेलौरीमा प्रत्येक महिनाको अन्तिम बुधवार महिनामा एक पटक गेटा आँखा अस्पतालका नेत्र विशेषज्ञबाट अप्रेशन सेवा प्रदान गर्दै आई रहेको छ । यस्का साथै प्रदेशका ९ वटै जिल्लामा स्थापना गरिएका आँखा उपचार केन्द्रहरुबाट आँखा उपचार सेवा प्रदान गरि रहेको तथा आँखा उपचार केन्द्रमा सेवा लिन आएका जटिल प्रकृतिका बिरामीहरुलाई टेलिमेडिसिन सेवा द्वारा गेटा आँखा अस्पतालका नेत्र विशेषज्ञबाट परामर्श तथा उपचार सेवा पनि प्रदान गरिदै आएको छ ।

गत वर्ष गेटा आँखा अस्पताल र अन्तरगतका शाखाहरु तथा शिविरबाट गरी दुइलाख ५१ हजार ८ सय ३१ जनालाई सेवा प्रदान गरेकोमा दुईलाख ४१ हजार ४१ जनालाई अप्रेशन सेवा प्रदान गरेको छ ।

गेटा आँखा अस्पतालले अस्पताल र शाखाहरुबाट उपलब्ध गराईने नियमित उपचार सेवाको अतिरिक्त प्रत्येक वर्ष विभिन्न सरकारी तथा गैर सरकारी सामाजिक संस्थाहरुबाट सहयोग जुटाई यस प्रदेशका ९ वटै जिल्लाहरुमा ग्रामीण क्षेत्र सम्म आँखा उपचार सेवाको पहूँच बढाउन वर्षमा ६० भन्दा बढि स्थानमा आँखा शिविर संचालन गरि नि:शुल्क सेवा प्रदान गर्दै आएको छ ।

## पोषण कार्यक्रमलाई प्राथमिकतामा राख्न आग्रह

**पोष्ट संवाददाता**

धनगढी । कैलालीमा कुपोषित बालबालिकाको संख्या बढ्द थालेको भन्दै जिल्ला स्वास्थ्य कार्यालय कैलालीले पालिका प्रमुख, उप प्रमुलाई पोषण कार्यक्रमलाई प्राथमिकतामा राख्न आग्रह गरेको छ ।

'पहाडी जिल्ला भन्दा तराईमा कुपोषित बालबालिकाको संख्या बढ्न थालेको छ,' स्वास्थ्य कार्यालय कैलालीका प्रमुख लालबहादुर धामीले भने, 'कुपोषण निण्न्त्रणका लागि स्थानीय सरकारको ध्यान जान आवश्यक छ, पालिकाहरुले चासो नदिए कुपोषण न्यूनीकरण हुन सक्दैन ।' बुधबार धनगढीमा भएको बहु क्षेत्रिय पोषण योजना सम्बन्धी सरोकारवाला संग गरिएको जिल्ला स्तरिय अभिमुखिकरणमा स्वास्थ्य कार्यालय कैलालीका प्रमुख धामीले पोषण सम्बन्धी स्थानीय तहमा बजेट पठाइएकोमा सो बजेट पनि कार्यान्वयन नभएको बताए ।

'कैलालीमा एक हजार २ सय ६२ स्वयंसेविका परिचालन गरिएका छन्,' उनले भने, 'ती स्वयंसेविकाले पनि आफ्नो क्षेत्रमा भएका कुपोषित बालबालिकाको तथ्याङ्क ल्याउन सकेका छैनन्, यसमा पालिकाको पहल अति आवश्यक रहेको छ ।'

बालबालिकालाई ६ महिना सम्म अनिवार्य स्तनपान नगराउनु, नियमित स्वास्थ्य संस्थामा बालबालिकाको स्वास्थ्य परिक्षण नगराउनु, कम उम्मेरमै बच्च जन्माउनु जस्ता कारणले बालबालिकामा कुपोषणको समस्या रहेको बताए । बोषण भएका कार्यक्रममा कमतौल, ख्याउटेपन र सुक्ष्म पोषणको समस्या रहेको हुन्छ ।

कैलालीका पालिका प्रमुखहहरुले भने पोषण सम्बन्धी कार्यक्रमबारेमा जानकारीनै नभएको जनाएका छन् । 'सम्बन्धीत शाखाले पोषण कार्यक्रमका बारेमा अहिले सम्म जानकारी गराएको छैन,' भजनी नगरपालिकाका नगरप्रमुख केवल चौधरीले भने, 'त्यसैले यस विषयमा धेरै जानकारी भएन आगामी दिनमा पोषण कार्यक्रमलाई प्राथमिकतामा राख्नेछौं ।' उनले आफ्नो पालिकामा कुपोषण हटाउन नियमित स्वास्थ्य परिक्षण गराउने व्यवस्था गर्ने उनले बताए ।

लम्कीचुहा नगरपालिकाकी उप प्रमुख जुनाकुमारी चौधरीले विषयगत ज्ञान नहुँदा धेरैलाई कुपोषण सम्बनधी जानकारी नभएको बताइन् । उनले विषयगत ज्ञान बढाई स्थानीय तहका जनप्रतिनिधीलाई जिम्मेवार बनाउनु पर्ने बताइन् ।

जिल्ला समन्वय समितिका कार्यबहाक प्रमुख खगराज भुषालले बालबालिकालाई स्तनपान गराउन आमाहरुले चासो नदेखाउने प्रवृतिका कारण कुपोषण बढेको बताए । 'सुन्दरता घट्ने, कम्जोर हुने अफवाहको पछाडी लागेर आमाहरुले दुई तीन महिना (बाँकी ३पेजमा)

# रविलाई खुला पत्र



सुरेन्द्र बोहरा
धनगढी, कैलाली

रविजी नमस्कार !

सबैभन्दा पहिले त नागरिकता पुनः प्राप्तिको प्रक्रिया पूरा गरी नयाँ नागरिकता लिनुभएकोमा हार्दिक बधाई । जहिल्यै कुराजनीतिक चक्रमा कसिरहने मेरो देशमा यसपटकका झिल्काहरू भने आसलाग्दा देखिएका छन् । डडेल्धुरामा हार बेहोरेका सागर ढकालले ल्याएको राजनीतिक चर्चादेखि स्थापनाकालको छ महिनामै एउटा गतिलो वैकल्पिक शक्तिको रूपमा उदाएको स्वतन्त्र पार्टीले गज्जबको तरङ्ग ल्याएको छ ।

नेपालमा अहिले शहरी क्षेत्रमा देखापरेको राजनीतिक जागरण अघिल्लो संसदीय चुनावमा देखा परेको भए सायद आज मेरो टाउकोमाथि ७० हजार ऋण हुन्थेन कि ? तर पनि 'देर आएगा लेकिन दुरुस्त आएगा'को गतिलो उदाहरण यही त होला है !

राजनीतिमा आकर्षित गर्न कसै न कसैले परिवर्तनको सुरुवात गर्दिनु थियो, यो २०७९ को स्थानीय चुनावमा बालेन शाहको उदयबाट भयो । पूर्व धरानमा हर्क साम्पाङबाट देखा पऱ्यो । हर्क साम्पाङ, जसको चुनावी प्रचारप्रसार हेर्दा मलाई चार दशकपहिलाको नेपाली फिल्मको याद आयो ।

स्थानीय चुनाव फिल्मको ट्रेलर रै'छ, फिल्मको फस्ट हाफ संघ र प्रदेशको चुनावमा देखियो । बाँकी फिल्म अब ५ वर्षसम्म हेरिन्छ । मलाई त विदेशमा भएका ४० लाख युवाको सम्झना आयो । ती सबैलाई मतदानमा समावेश गरेको भए अझ बढी बालेन, हर्क, रवि, तोसिमाहरू हामीले पाउने थियौँ । तर पनि जे जति भएको छ, यो सबैका सामु देखिएका अवसरभन्दा पनि चुनौती धेरै छन् ।

विगत सात दशकदेखि जीर्ण हाम्रो प्रणालीलाई सही ट्र्याकमा ल्याउन र सापेक्षित आर्थिक विकास गर्ने कार्य अब पनि गरिएन भने देशमा कहिल्यै परिवर्तन नदेखेरै हामी मर्नेछौँ ।

परिवर्तनको सुरुवात सहज कहिल्यै हुँदैन । यसले अनेकन समस्या ल्याएको हुन्छ तर जो युवा यसपालि निवार्चित भएर संसद्मा प्रवेश गर्दैछन्, तिनका सामु मुख्य त दुई ठुला चुनौती खडा भएका छन् । पहिलो- राजनीतिमा युवाले बिनाअनुभव देशमा परिवर्तन के गर्लान् र भन्ने शंकालाई चिर्ने चुनौती । अनुभव लिएर पाकेका वृद्ध नेताले युवाहरूले केही गर्न सक्दैनन् भनेर गुमराहमा राख्नुबाहेक केही गरेनन् ।

दोस्रो- इगोले टन्न भरिएका, आफ्नो शरीरिक र मानसिक अवस्थाबारे ख्याल नगर्ने, अरुले नै सम्झाउँदा पनि अटेर गरी कुर्सीमा टाँसिने वृद्ध नेताबाट अनुभव ग्रहण गरी सो अनुभवलाई देश परिवर्तनमा उपयोग गर्ने चुनौती पनि छ । यद्यपि ती वृद्ध नेताहरूसँग देशको विकास गर्ने अचुक मन्त्र नै त छैन । तर, योयो गर्दा यस्तो बिग्रिन्छ भन्नेचाहिँ पक्कै पनि अनुभव छ । किन भने विगत ४ दशक त तिनको अनुभव भनेको देश बिगार्नमै बितेको छ । यसले युवालाई नबिग्रने बाटोमा हिँडाउँछ । यी दुई चुनौतीले युवाको राजनीतिक यात्रालाई वारपार बनाउनेछ ।

यदि 'कोही न कोही पुरानो पोइ' भनेझैँ पहिलेकै राजनीतिक अंक गणितको खेलमा समय गयो भने देशमा अकल्पनीय राजनीतिक संकट आउन सक्छ । 'बुढापाका, आराम विश्राम गर्नुपर्ने अवस्थाका नेताले देश बनाउँदैनन्, बनाउने युवाले नै हो' भन्ने आमजनताको भावना छ । त्यसैले पार्टीभन्दा माथि उठेर, व्यक्तिगत इगोभन्दा माथि उठेर देशको अवस्था परिवर्तनमा केन्द्रित हुनुपर्छ । देशको अवस्था परिवर्तनमा बोलेर लागेर तपाईंको व्यक्तिगत राजनीति सकिन्छ भने सकिन दिनुस् । त्यसैले तपाईंले त्यसलाई निराशा र दुःखमा परिणत हुन दिन पाउनुहुन्न ।

कांग्रेस, एमाले, माओवादीलगायतका राजनीतिक दलको बेइमानी, सत्तालिप्सा र खिचातानी कारण नै तपाईंलाई राजनीतिमा प्रवेश गर्न र छोटो समयमै लोभलाग्दो सफलता हासिल गर्न सहज भएको हो । तिनै राजनीतिक दलका नेताले गल्ती गर्ने र उल्टो बाटोमा हिँड्ने छुट तपाईंलाई छैन । विल्कुल छँदै छैन ।

त्यसैले, देशको भलाइका लागि तपाईंको लामो राजनीतिक भविष्यको कामनासहित केही सुझाव दिन चाहन्छु यति धेरै अपमानित भई भई सरकारमा बस्नु हुँदैन रवी जी पार्टीले सरकार छोडेर प्रतिपक्षमा जनताको आवाज घन्काउनुपर्छ !

# चिसोले कठ्याग्रीएका भुकम्प पिडितको व्यवस्थापन गर्न माग

**पोष्ट संवाददाता**

धनगढी । नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले सुदूरपश्चिमका भूकम्प पीडितको उचित व्यवस्थापन गर्न माग गरेका छन् । पटक-पटकको भूकम्पबाट प्रभावित बनेका सुदूरपश्चिमका नागरिकको रेखदेखमा सरकारको ध्यान पुग्न नसकेको बताएका छन् ।

नेता महरले भूकम्पले भौतिक र मानवीय क्षति पुऱ्याएको र बाचेकाहरू पनि माघको कठ्याङ्ग्रिदो जाडोमा सास्ती खेप्न बाध्य रहेकाले उनीहरूको उचित व्यवस्थापनमा सरकारको ध्यान पुग्नुपर्ने बताएका हुन् । 'केही महिना यता सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा पटक-पटकको भूकम्पले भौतिक र मानवीय क्षति पुऱ्याएको थियो । कठ्याङ्ग्रिदो जाडोमा प्रभावित क्षेत्रका जनता त्रिपाल मुनी भोकभोकै बस्न बाध्य छन् ।

विद्यालय भवन चर्किएका र भत्किएका कारण स्कुले विद्यार्थी हिउँले ढाकिएको मैदानमा पढ्न बाध्य छन्। तर, सरकारको ध्यान पुग्न सकेको छैन,' उनले भने ।

जनताको अभिभावकका रूपमा रहेको सरकारसँग भूकम्पको क्षतिको यकिन विवरणसमेत नभएको उनको गुनासो छ । राहत र उद्धार तथा सम्भावित जोखिमसँग लड्ने पूर्वतयारी नै नदेखिएकाले सरकार जनताप्रति उत्तरदायी नदेखिएको उनले बताए । 'मानवीयतासँग जोडिएका संवेदनशील विषयप्रति गम्भीर हुन सम्माननीय प्रधानमन्त्री, सरकारमा संलग्न राजनीतिकदल र विशेष गरी विद्यार्थी जगतमा पर्न सक्ने मानसिक असरबारे ध्यान दिन शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउँदछु, उनले भने ।

# लोटस आईद्वारा एलपीएलका लागि प्रशिक्षक घोषणा

**पोष्ट संवाददाता**

धनगढी । धनगढीमा आयोजना हुन गैरहेको लिटिल फ्लावर प्रिमियर लिग (एलपिएल-७) मा सहभागिता जनाईरहेको लोटस आई अग्रेजी माविले जर्सी र टिम क्याप्टेन सार्वजनिक गरेको छ । कैलालीको अत्तरियामा रहेको उक्त विद्यालयले बिहिबार एक कार्यक्रमका बिच प्रतियोगीतामा सहभागिता जनाउने टिमको क्याप्टेन र जर्सी सार्वजनिक गरेको हो ।

विद्यालयका मेनेजिङ डाईरेक्टर धुर्व कडायतले प्रतियोगितामा सहभागीता जनाउने टिम र टिमको जर्सी सार्वजनिक गरिएको बताए । उनले टिममा ४ जना यु-१९ का राष्ट्रिय स्तरका खेलाडी रहेकाले प्रतियोगीतामा टिमले राम्रो प्रर्दशन गर्ने अपेक्षा रहेको बताए । उनले १० जना खेलाडीहरु भने कक्षा १० भन्दा तलका रहेको बताए । प्रतियोगीतामा सहभागी हुने टिमको क्याप्टेनका रुपमा यु-१९ खेलाडीका राष्ट्रियस्तरका खेलाडी विरेन्द्र नाथलाई दिईएको कडायतले बताए । विद्यालयले प्रतियोगीतामा टिम व्यवस्थापकको रुपमा दिपेन्द्र गौतम, टिम कोचको रुपमा दिपेन्द्र साउँदलाई चयन गरेको छ । प्रतियोगीतामा टिम डाईरेक्टरको रुपमा **(बाँकी ३ पेजमा)**

# रवि लामिछानेले ओढेको 'लोकरिझ्याईं' को खास्टो

मनिकर कार्की

> जनताले उनलाई दिएको मतादेश अनुरूप उनले आगामी राजनीतिक यात्रा तय हुनेमा भने सन्देह देखिन थालेको छ । किनकि उनका हरेक गतिविधिभित्र त्यही 'लोकरिझ्याईं'वाला वैचारिकी नै अभिव्यक्त हुने गरेको छ । अनि निर्वाचनपछिका उनका बोली र व्यवहारबीच पनि दूरी बढ्दै गएको देखिन्छ । उनले जे-जसरी सरकारमा जान हतार गरे र त्यसयता जेजस्ता परिघटनाहरू आन्तरिक एवं बाह्य रूपमा देखा पर्दैछन् ती सबै उनको यथोचित राजनीतिक निरन्तरताका लागि प्रश्नवाचक बनेका छन् । तथापि भोलिको अनुमान अहिल्यै गर्नु हतारो हुनेछ ।

गत साता दुई घटनाले मुलुक तरंगित बन्यो- इलामका व्यवसायी प्रेम आचार्यको आत्मदाह र निवर्तमान उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको नागरिकता अवैध ठहर गर्ने सर्वोच्च अदालतको फैसला ।

ती दुई घटनाले यो मुलुकको राज्य व्यवस्थाको अवस्था र शासकीय मनोवृत्ति पनि छर्लंग पारिदिएको छ । यसले अपारदर्शी, विकृत अनि भ्रष्ट बन्दै गएको प्रशासनिक संयन्त्रका कारण जनताले दैनन्दिन भोग्नुपरेको सास्ती, हैरानी, उल्झनले आम जनताको जीवन कति दुरुह बनेको रहेछ भन्ने कुरा उजागर गरिदियो । साथै यसले विद्यमान राज्यसत्ताको अर्थ-राजनीतिक भ्वाङलाई पनि छ्याङ्ङै पारिएको छ । अनि जनबल र धनबलको सहारामा सत्तासीन सबै अनुहारहरू (नयाँ समेत) ले अजमाउने शक्तिको प्रभाव र त्यो शक्तिले स्थापित गरिदिने कथित सामाजिक हैसियत पनि छर्लंगै पारिदिएको छ ।

**घटना १ - प्रेम आचार्यको हतप्रभ 'आत्मदाह'**

गत माघ १० गते काठमाडौंको संसद भवन अगाडिको चौबाटोमा इलामका प्रेम आचार्यले आफ्नै शरीरमा आगो झोसे । उनलाई वरपर देख्नेहरूले भिडियो खिचे र सामाजिक सञ्जालमा हाले । त्यो ठाउँ एकान्त पनि थिएन र कसैले त्यो घटना नदेखेको पनि होइन । तर, जसले देखे ती केवल साक्षी मात्रै भए । तिनले प्रेमको जल्दै गरेको शरीर बचाउन सकेनन् । केहीबेरमै सो घटना सामाजिक सञ्जालमार्फत उसैगरी फैलियो, जसरी उनको शरीरमा आगोको लप्को फैलिएको थियो । आखिर त्यही आफैंले लगाएको आगोको लप्कोले डढाएर उनको ज्यान लिइछाड्यो ।

प्रेम आचार्यले आत्मदाह गर्नुभन्दा अघि उनले सामाजिक सञ्जाल मार्फत नै साना व्यवसायीहरूको दुःख, पीडा र (अ)मानवीय बन्दै गएको बजार अर्थतन्त्रको बर्बरता, राजनीतिक बेइमानी, राज्यको प्रतिकूल नीतिनियम र प्रशासनिक उल्झनबारे लेखेका रहेछन् । उनले गरिखाने साना व्यापारीहरूले खेप्नु परेको सन्ताप अनि सत्ता र शक्तिको आडमा सानाहरूमाथि हुने गरेका ज्यादतीप्रति लक्षित गर्दै कानुनी, प्रशासनिक एवं व्यावहारिक सुधार गर्नुपर्ने विषयलाई उल्लेख गरेका रहेछन् । अहिले उनको आत्मदाहसँगै उनका विचारहरू पनि सामाजिक सञ्जालमा प्रवाहित भइरहेका छन् । उनले उठाएका सवाल जनजीविकाकै हुन् । जसको यथोचित सम्बोधन हुनु आवश्यक छ ।

यी ज्वलन्त सवालका साथ उनले आफ्नो आत्मदाहलाई यो मुलुकमा व्याप्त विकृति, विसंगति, बेथिति, भ्रष्टाचार, व्यभिचार, कुशासन, कमिसनतन्त्र र लुटतन्त्रले जनजीवनमा पारेको गम्भीर असरलाई उजागर गर्ने माध्यम बनाइदिए । जुन दुर्भाग्यपूर्ण घटना हो । किनकि हामी सबैजसो गरिखाने जनताले कुनै न कुनै रूपमा त्यस्तै उल्झन, हण्डर र ठक्कर खाई नै रहेका छौं । त्यही कुरालाई उजिल्याउन उनले आत्मदाहकै मार्ग अवलम्बन नगरेको भए हुन्थ्यो । तर, घटना घटिसक्यो । अब भविष्यमा अन्य प्रेमहरूले पनि यस्तै मार्ग अवलम्बन गर्न नपरोस् । कसैले आर्थिक एवं सामाजिक जोखिमका कारण आत्महत्या गर्नु नपरोस् । कोही पनि राज्यसत्ता, व्यवस्था र बजार सिर्जित शोक र सन्तापमा पर्नु नपरोस् । यसका लागि राज्य संयन्त्रमा सुधारसहित गरिखाने जनताका लागि उद्यमशील वातावरण निर्माण गर्नु अत्यावश्यक भइसकेको छ ।

**घटना २ - रवि लामिछानेको 'नागरिकता प्रकरण'**

गत माघ १३ गते सर्वोच्च अदालतको संवैधानिक इजलासले तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको नागरिकता सम्बन्धी मुद्दामा फैसला गर्दै उनीसँग नेपाली नागरिकता नरहेको ठहर गरिदियो । अदालतको सो फैसलासँगै उनले मन्त्री पदसहित प्रतिनिधिसभा सदस्य र पार्टीको सभापति पद गुमाउन पुगे । यो खबर पनि खरको आगो झैं फैलियो । उनका समर्थकहरूले फैसलालगत्तै सर्वोच्च अदालतको परिसरमा भौतिक रूपमै भेला भएर विरोध गरे भने सामाजिक सञ्जालहरूमा पनि उनको पार्टीका नेता, कार्यकर्ता र समर्थकहरूले अदालतको सो कदमको विरोध गर्दै प्रचार गरिरहे ।

यदि रवि लामिछानेको ठाउँमा अन्य कोही जनजाति, मधेशी, थारू, दलित वा कुनै सीमान्तकृत समुदायको व्यक्ति हुन्थ्यो भने नेपालको प्रशासनिक संयन्त्र यसैगरी केही घण्टामै नागरिकता दिन सक्रिय हुन्थ्यो होला ? उसलाई उसैगरी समाजले सहजै स्वीकार गरेर जयजयकार गर्थ्यो होला ? तथापि रवि लामिछानेले भने फैसलालगत्तै मन्त्री पदबाट राजिनामा गर्दै आफू अनागरिक भएको र अनागरिकले अब के गर्ने ? भन्ने बारेमा सोच्नै नसकेको प्रतिक्रिया दिएका थिए । उनले सर्वोच्च अदालतको फैसलाप्रति भने कुनै टिप्पणी नगरी फैसलाको सम्मान गर्ने बताएका थिए । त्यसको दुई दिनपछि उनले काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट पुरानै रेकर्ड मुताबिक नयाँ नागरिकता प्राप्त गरिसकेका छन् । लगत्तै उनको पार्टीको केन्द्रीय समितिको बैठकले तत्कालै उनलाई पार्टी सदस्यता प्रदान गर्दै पुनः पार्टी सभापतिमा चयन गरिसकेको छ । केही घण्टाकै अन्तरालमा यी सबै घटनाक्रमहरू सम्पन्न भएर उनी अहिले वैधानिक हिसाबले कानुनतः नेपालको नागरिक भई पार्टी सभापतिसमेत बनिसकेका छन् ।

एकदिन आफ्नै अनिच्छाका कारण (अ)नागरिक कहलिएका रवि लामिछानेले यही देशमा जन्मिएर, यही धर्तीमा खाइखेली गरिरहेका, यहीं पाखुरी बजारिरहेका लाखौं युवा जो नागरिकताबाट वञ्चित छन्, उनीहरूको सकसबारे अनुमान गरे, गरेनन् ? त्यो उनैले जान्ने विषय भयो । तर, तिनै रविले कुनै बेला नागरिकता विधेयक संसदबाट पास हुँदा चर्को स्वरमा विरोध गरेका थिए ।

यदि रवि लामिछानेको ठाउँमा अन्य कोही जनजाति, मधेशी, थारू, दलित वा कुनै सीमान्तकृत समुदायको व्यक्ति हुन्थ्यो भने नेपालको प्रशासनिक संयन्त्र यसैगरी केही घण्टामै नागरिकता दिन सक्रिय हुन्थ्यो होला ? उसलाई उसैगरी समाजले सहजै स्वीकार गरेर जयजयकार गर्थ्यो होला ? कि उसलाई जालसाजी र किर्ते गरेको आरोपमा झ्यालखानामा हालिन्थ्यो होला ? यी धेरै प्रश्नहरूले मुलुकको एकात्मक सामुदायिक वर्चस्ववादी शासनसत्ता र प्रशासनिक संस्कृतिलाई उजिल्याउँदै राज्यसत्ताको अर्को भ्वाङ देखाएको छ ।

यी दुई घटनाले सारतः मुलुकको शासन व्यवस्थामा विद्यमान चरहरू र 'व्यक्तिगत हैसियत'का आधारमा नागरिकलाई गरिने फरक व्यवहारलाई पुष्टि गरिदिएको छ । पहिलो घटनामा आफैंले शरीरमा आगो लगाएर आत्मदाह गरेका प्रेम आचार्यको उक्त कदम सुविचारित नै देखिन्छ । उनले एक विद्रोहात्मक रूपले सो अवसादपूर्ण कदम उठाए । संभवतः उनले पृष्ठभूमिमा अरब विद्रोहको कारक बनेको ट्युनिसियाली नागरिक मोहमद बाउजीजीको आत्मदाह वा यस्तै कुनै प्रसंगलाई उत्प्रेरक ठानेर त्यो स्तब्ध र हतप्रभ कदम उठाए । अहिले कतिपय व्यक्तिहरूले सोही सन्दर्भलाई जोड्दै अवस्था परिवर्तनका लागि प्रेम आचार्यले सहादत प्राप्त गरेका विचार पनि प्रवाहित गरिरहेका छन् ।

तर, अहिलेको हाम्रो समय र सन्दर्भ अनि अरबी विद्रोहको झिल्कोको रूपमा काम गरेको सन् २०११ को त्यो उत्तर अफ्रिकी र अरबी विश्वको पारिस्थितिकीय अवस्था बिल्कुल फरक छ । किनकि अहिले हामी भर्खरै निर्वाचनको प्रक्रियाबाट गुज्रिएका छौं । लोकतन्त्रमा आवधिक निर्वाचन नै जनताका लागि एकखालको आन्दोलन हो । जनताले अभिमत प्रकट गर्ने माध्यम हो । त्यो माध्यमबाट भर्खरै मात्र आफ्नो जनमत प्रकट गरेको अवस्थामा अहिले नै अर्को कुनै विद्रोह वा आन्दोलनको आँधीबेहरीको परिकल्पना केवल मृगमरीचिका मात्रै हो । किनकि अहिले नेपालमा तत्कालै कुनै विद्रोह वा आन्दोलनले आकार लिने अवस्था छैन ।

तर, एक्काइसौं शताब्दीको दोस्रो दशकको सुरुवाती चरणमा देखापरेको अरब विद्रोहको याम भने अर्कै थियो । यो सन् २०११ को मध्यतिरको कुरा हो । त्यतिबेला सडकछेउमा ठेलागाढामा खानेकुरा बेचेर आफ्नो गुजारा चलाउँदै आएका एक जना ट्युनिसियाली स्नातक सडक व्यापारी मोहमद बाउजिजीको ठेलागाडा विना कारण त्यहाँका सुरक्षाकर्मीले खोसिदिए । उक्त घटनाबाट निकै निराश बनेका उनले आफू निकै लामो समयदेखि बेरोजगार रहनुपर्दाको पीडा र केही गरिखान लाग्दा पुलिस प्रशासनले गरेको दमनविरुद्ध सामाजिक सञ्जालमा एउटा विद्रोही कविता लेखेर आफ्नै शरीरमा आगो झोसी आत्मदाह गरे ।

त्यही विन्दुबाट सुरु भएको ट्युनिसियाली जनविद्रोहले २३ वर्षदेखि एकछत्र शासनसत्ता चलाइरहेका त्यहाँका राष्ट्रपति अबिदिन बिन अलीको एकदलीय तानाशाही शासन पलट भयो र त्यसले समग्र उत्तर अफ्रिका, मध्यपूर्व र अरब विश्वसम्म जागरणमुखी आन्दोलन र विद्रोहको ज्वाला दन्कियो । ट्युनिसियाली जनताको सौर्य, उत्साह र जागरणले एक महिनासम्म जारी रहेको उक्त आन्दोलनलाई ट्युनिसियाली इतिहासमा 'जस्मिन रिभोलुसन' (चमेली क्रान्ति) नामकरण गरियो । (स्मरण रहोस् चमेली ट्युनिसियाको राष्ट्रिय फूल हो) । तथापि आन्दोलनको शक्ति संस्थागत नहुँदा त्यसले कुनै सर्वस्वीकार्य नेतृत्व निर्माण गर्न सकेन । परिणामस्वरूप आन्दोलनका उपलब्धिहरू क्रमशः क्षयीकृत हुँदै गए र तीन वर्षको अन्तरालमा त्यहाँ प्रतिक्रान्ति नै भयो । मूलतः चेतनशील र संस्थागत नेतृत्वको अभावकै कारण ट्युनिसियामा क्रान्ति र प्रतिक्रान्तिका विभिन्न परिघटना अद्यापि जारी छन् । त्यहाँ अझै पनि राजनीतिक स्थायित्व र शान्ति कायम हुनसकेको छैन ।

बाउजीजीकै शैलीमा अवसादपूर्ण आत्मदाह गरेका प्रेम आचार्यले मुलुकको बेथितियुक्त शासन-प्रशासन र अमानवीय बन्दै गएको बजार अर्थतन्त्रको चेपुवामा पर्नुपर्दाको हण्डर सहन नसकी उक्त कदम उठाए । तर, उनको यो कदमभित्र बिग्रिँदै गएको आर्थिक कारोबार र व्यावसायिक असफलता मुख्य कारक बनेको देखिन्छ । उनले सो कदम उठाउनुअघि आफ्नो बलबुताले भ्याएसम्म राज्यसंयन्त्रसँग जुधे पनि । समाजमा राजनीतिक, सामाजिक र आर्थिक सक्रियता पनि देखाए । बन्दव्यापार र उद्यम गर्नका लागि ऋणधन सबैको जोहो गरेर कारोबार पनि गरे । संभवतः सुरुवाती चरणमा बन्दव्यापार र कारोबारबाट पनि राम्रै सफलता पाए । त्यही सफलताकै आडमा उनले कारोबार बढाउँदै लगे । कारोबारबाट सामाजिक, व्यावसायिक प्रतिष्ठा र आम्दानीसँगै खर्चको अनुपात पनि बढ्दै गयो । त्यसै अनुरूप विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण पनि थप्दै गए । कमाइ पनि थपिँदै र कारोबार पनि बढ्दै गयो ।

उनमा पलाउँदै गरेको दम्भ र अहंकारको आकार क्रमशः बढ्दै जाँदा लोकरिझ्याईंको खास्टो भने उघारिँदै जानेछ । आखिर उनी वैधानिक र कानुनी हिसाबले राज्यको जुन व्यवस्था सुधार्ने कुरा गर्दैथिए, आफ्नै नागरिकताको सवालमा भने त्यही राज्यको विद्यमान सामान्य कानुनी प्रक्रिया अवलम्बन गर्नमा समेत उनी इच्छित देखिएनन् ।

संभवतः उही उपक्रममा उनको कारोबारमा उधारो पनि बढ्दै र दायित्व पनि थपिँदै गयो । हरेक व्यापार-व्यवसाय र कारोबारको उच्चतम जोखिम बहन गर्ने विन्दु हुन्छ । व्यापार व्यवसायमा संलग्न जो-कोहीले आफूलाई सहज हुने विन्दुसम्म मात्रै जोखिम मोल्नुपर्छ । त्योभन्दा बढ्दा जोखिम लिइयो भने जोखिम व्यवस्थापन गर्न गाह्रो हुन्छ । संभवतः उनको हकमा पनि त्यही लागू भयो । उनले कारोबार र व्यवसायमा जोखिम थप्दै गए तर, त्यस अनुरूप तरल सम्पत्ति थपिएन । अन्ततः उनी चल्नै नसक्ने अवस्थामा पुगे र निर्विकल्प यो कदम रोजे । आखिर उनलाई यही समाजले त्यो अवस्थामा पुर्याएको हो । किनकि समाजले जहिल्यै व्यक्तिको आर्थिक सफलतालाई नै मानक ठान्छ । सोही कुरालाई उनले पनि प्रश्नरहित ढंगले पछ्याउँदै र जोखिमको मात्रा थप्दै गए । अनि त्यही व्यावसायिक जोखिमले उनलाई आत्मदाहको अवस्थासम्म पुर्यायो ।

उनले आफ्नो आत्मदाहलाई सामाजिक सञ्जालमार्फत राज्यको विसंगति र बेथितिपूर्ण अवस्थाप्रति आक्रोशको रूपमा अभिव्यक्त गरे । जुन घटनाले आम जनतालाई समेत तरंगित तुल्याइदिएको छ । तथापि विगतमा व्यवसायीहरूले बढ्दै गएको व्यावसायिक जोखिम र दायित्वका कारण आत्महत्या गरेका धेरै दृष्टान्त छन् । प्रेमकै आत्मदाहपश्चात् पनि विराटनगरका एक उद्योगीले पनि व्यावसायिक दायित्व थाम्न नसक्दा आत्महत्या गरेको समाचार आएको छ । यी र यस्ता सबै घटनालाई मसिनो गरी केलाउने हो भने व्यवसायका नाउँमा अत्यधिक र अनियन्त्रित रूपले लिइने जोखिम नै ती घटनाका कारण बन्ने गरेका छन् ।

किनकि ऋणमा पाइएको नगद वा सम्पत्ति तत्कालका लागि मुफ्तमा प्राप्त धन साबित हुन्छ र त्यसले व्यक्तिको अनावश्यक खर्च बढाइदिन्छ । जब ऋणमा खेल्ने बानी पर्छ, तब ऋण थपिँदै जान्छ र ऋणले ऋण सल्टाउने चक्र सुरु हुन्छ । त्यसपछि मिटरब्याजी ऋण थपिन्छ र त्यही मिटर ब्याजको गलपासोमा प्राण जान्छ । यो हामीले आँखै अगाडि देखेका, भोगेका तथ्यहरू हुन् । बस् फरक यति मात्र हो कि ती अनगिन्ती घटनाहरू रिपोर्टमा आएका छैनन् र आउने पनि छैनन् । अर्थतन्त्रमा विद्यमान संकट र राज्यको असहयोगी व्यवहारका कारण प्रताडित व्यवसायी थपिँदै छन् ।

राज्यले नीतिगत र क्षेत्रगत प्राथमिकता अनुरूप आर्थिक नीति तय गरेको छैन । साना व्यवसायी, उद्यमी र गरिखाने जमातलाई अर्थतन्त्रको औपचारिक संरचनामा छिर्ने सहज मार्ग प्रदान गरेको छैन । सानालाई सहयोग हुने नीति र कार्यक्रम ल्याएको छैन । बरु व्यवहारमा सानालाई ऐन, ठूलालाई चैनको नीति नै कायम छ । उही प्रशासनिक डण्डाकै भरमा शासन चलेको छ । त्यसैले समाजले यी आत्महत्याका घटनाहरूलाई पनि मूलतः व्यावसायिक असफलता र जीवनसँगको हारको परिणतिका रूपमा अभिलेख गर्ने गरेको छ ।

राज्यको यस्तै विसंगति र बेथितिपूर्ण अवस्थाबाट जनतालाई 'मुक्ति दिने' उद्घोष गर्दै टेलिभिजनको रंगीन दुनियाँबाट राजनीतिमा हाम फालेका रवि लामिछाने अहिले आफैं राज्यव्यवस्था र कानुनी जटिलताको फन्दामा परेका छन् । उनले आफू निर्वाचित भएर गृहमन्त्री बन्ने बेलासम्म सयौं पटक भाषण गर्दै कानुनी राज्य र नीतिनियमको पालना गर्दै नागरिकलाई सुशासन दिने उद्घोष गर्दथे । आफू गृहमन्त्री भइसकेपछि पनि मन्त्रालय मातहतका राज्यका अंगहरूलाई दर्जनौं पटक नीतिनियमको पालना गर्दै काम गर्ने निर्देशन दिएर चर्चामा आइरहे । तर, उनी आफैं भने कानुनतः विद्यमान व्यवस्थाप्रति कत्ति पनि गम्भीर रहेनछन् भन्ने कुरा साबित गरिदिए । किनकि उनको राजनीतिक आगमनको वैधानिकतामै प्रश्न रहेछ । उनी कानुनतः नेपाली नागरिक नभइकनै दल खोलेर चुनावी प्रक्रियामा सामेल भएका रहेछन् ।

त्यसो त नेपालको विद्यमान कानुन अनुरूप रवि लामिछानेको नागरिकता वैध छैन भन्ने कुरा उतिबेलै उठेको हो । उनी निर्वाचित भएर गृहमन्त्री बनाइँदासम्म राज्यको कुनै पनि निकायले सो विषयलाई गम्भीर रूपमा नलिंदा नेपालको राज्यसत्ता कति निम्छरो रहेछ भन्ने पुष्टि भएको छ । अनि रवि लामिछाने आफैंले पनि विद्यमान कानुनी प्रावधान हेरी आफ्नो कमजोरी सच्याउन सक्थे । त्यसमाथि सार्वजनिक रूपमै प्रश्न उठेपछि झन् त्यसलाई अवसरको रूपमा प्रयोग गर्न सक्थे । उनीसँग आफ्नो त्रुटि सच्याउन प्रशस्त समय पनि थियो । तर, टेलिभिजनमार्फत 'जनताका मुद्दा' उठाएर चर्चा र 'स्याबासी' पाएका रविले त्यो लेठो गर्न जाँगर गरेनन् ।

किनकि सायद उनलाई टेलिभिजनको लोकप्रियताले आफैंलाई 'कानुन' बनाइदिएको भ्रम पर्न गयो । सायद उनलाई सबैको रक्षक बन्न पुगेको भ्रम पर्न गयो । सामाजिक सञ्जाल र मिडियाहरूमा उनीलक्षित प्रश्नप्रति उनी आफ्नो टेलिभिजन शोमार्फत नै हुँकार गर्दै- आफूलाई जनताको पक्षमा बोल्न कुनै प्रेसपास र नागरिकताको कागजी खोस्टाको आड लिनु जरूरी नभएको तर्क गर्दथे । आखिर रवि लामिछानेमा त्यस्तो उन्मुक्त अभिव्यक्ति कसरी आयो ? कहाँबाट पाए उनले त्यो शक्ति ? कसले दियो त्यो शक्ति ? अनि कसरी आफू शक्तिशाली भएको अनुभूति गरे ? संभवतः राज्य र कुलीनतन्त्रलाई प्रश्न गर्दै उदाएका रविको वैचारिकी नै त्यही लोकरिझ्याईंको दुहाई थियो, जसमा उनी सफल पनि भए ।

अनि त्यही लोकरिझ्याईंले आर्जन गरेको शक्तिकै उन्मादमा उनी पनि क्रमशः महत्वाकांक्षी बन्दै गए । लोकरिझ्याईंवादकै खास्टो ओढेर टेलिभिजन शोमार्फत कमाएको लोकप्रियतालाई राजनीतिक**(बाँकी ३पेजमा)**

# डिसिएको उपाधी स्टेपिङ स्टोनलाई

**पोष्ट संवाददाता**

धनगढी । धनगढीमा सम्पन्न डिसिय कपको उपाधी स्टेपिङ स्टोन इंग्लिस बोर्डिङले जितेको छ ।

बुधबार फाप्ला क्रिकेट मैदानमा सम्पन्न फाइनलमा लिटल फ्लवार स्कुललाई १० रनले पराजित गर्दै स्टेपिङ स्टोनले उपाधी हात पारेको हो । टस जितेर पहिले ब्याटिङ गरेको स्टेपिङले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ९ रन बनाएको थियो ।

स्टेपिङका लागि किरण धामीले सर्बाधिक ३४ रन बनाए । २३ बलमा उनले ७ चौका प्रहार गरे । यस्तै अभिशेक खड्काले २६ बलमा २३ रन बनाए । उनले एक चौका र एक छक्का प्रहार गरे




। त्यसबाहेक समिर कुँवरले ५ बलमा २ चौकासहित १० रन जोडे ।

बलिङतर्फ लिटल फ्लवारका कुशल धामीले ३ तथा आर्यन धनपाली र किरण धामीले समान २-२ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको लिटल फ्लवारले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९९ रन मात्रै बनाउँन सक्यो । उसका आशिष साहुले २९, सुबोध तिवारीले १३ तथा आरिस बोहराले १२ रन जोडे। स्टेपिङका अनुराग सिंहले ३ तथा सचिन भट्टले २ विकेट लिए ।

प्रतियोगिताको विजेता स्टेपिङले नगद ५० हजार जितेको छ, भने, उपविजेता लिटल फ्लवारले ३० मा चित्त बुझाएको हो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी स्टेपिङका कुशल धामी चुनिए । उनले ५ हजार नगदसहित डीसीएमा ४ महिनाको छात्रवृत्ति पाए ।

यस्तै उत्कृष्ट ब्याटर लिटिल फ्लवारका अनुराग सिंह चुनिए । उनले ३ हजार नगद र ३ महिनाको छात्रवृत्ति पाए । उत्कृष्ट बलर लिटल फ्लवारकै सचिन भट्ट चुनिए । उनले पनि ३ हजार नगद र ३ महिनाको छात्रवृत्ति पाए। उदयमान खेलाडीको अवार्ड पनि लिटिल फ्लवारकै रोशन रावलले पाए। उनले क्रिकेट शुज पाए ।

# भूकम्पपछि गर्भवती तथा सुत्केरी महिलालाई समस्या

**पोष्ट संवाददाता**

बाजुरा । माघ १० गते बाजुराको बिच्छयाँ आसपास केन्द्रबिन्दु बनाएर गएको भुकम्पका कारण गर्भवती तथा सुत्केरी महिलालाई समस्या भएको छ ।

केहीको घर भत्किएको छ भने कसैको घरनै पुरै चिरा चिरा भएर बस्न लायक नभएपछि गर्भवती तथा सुत्केरी महिला समस्यामा परेका हुन् । गर्भवती र सुत्केरी महिलाहरु चिसो पालमा कष्टकर जिवन विताइरहेको गौमुल गाउँपालिका उपाअध्यक्ष सिता थापाले वताईन् ।

गौमुल गाउँपालिका २ जुरेली गाउँकी २८ बर्षिया कला रोकाया माघ ११ गते सुत्केरी भइन ।१० गतेको भुकम्पले उनको घर भत्कियो । ११ गते उनि सुत्केरी भएर पालमा बस्नुपर्ने बाध्याता रहेको छ । कला रोकाया र उनको नवजात शिशु पालमा चिसोले कठ्याङ्गरिरहेका छन् । वडान २ मा मात्र ४ जना सुत्केरी आमा र बच्चाको बास पालमुनी भइरहेको छ ।

४ जना सुत्केरी आमा र नवजात शिशु हिउँदको कठ्याग्रिदो चिसोमा पालमा जोखीम मोलेर बस्नुपरेको सुत्केरी महिला कला रोकायाले बताईन। गाउँमा २८ बर्षिया कला रोकाया, २२ बर्षिया रेखा रोकाया, २५ बर्षिया प्रमिला धामी र सुमित्रा बोहरा सुत्केरी भएर पालमुनी बसेका छन । चिसोले आमा र शिशुको स्वास्थ्य जोखिम हुदै गएको छ ।

हिउँदको समय भएकाले चिसोले पालमुनी बस्ता बुढाबुढी, गर्भवती र सुत्केरी महिला र बालबालिकाहरु प्रभाबित भएका छन । भुकम्प पिडीतहरुले अहिले सम्म राहत साम्रगी समेत नपाएको गुनासो रहेको छ । खान बस्न निकै समस्यामा परेका छन् । भुकम्प पिडित बिच्चलीमा हुदा सम्म पनि सरकारको ध्यान नपुगेको स्थानिय धनलाल रोकायाले वताएका छन् ।

गाउँपालिकामा १ हजार ६ सय ५० परिवार मध्ये ५ सय ७० परिवारका घर जोखिममा रहेका छन्।५ सय ७० परिवारका बासिन्दा सबै बिस्थापित भएर पालमा बस्दै आएका छन । कुनै घरहरु बाहिरबाट हेर्दा राम्रो देखीए पनि घर भित्र भने धुजा धुजा भएको स्थानिय गंग रोकायाले वताएका छन् । त्यहाँका सबै स्थानिय पाल र तरकारीका लागि बनाएका टनेलमा बस्दै आएका छन ।

घरहरु बस्न नमिल्ने भए पछि केही परिवारहरु संयुक्त रुपमा पालमा बस्दै आएको स्थानिय भक्त रोकायाले बताए । उनले भने पहिला हामी छुट्टाछुट्टै घरमा बस्थौँ भुकम्पले घर भत्तकाएपछि एकै पालमा ४ परिवार बस्दै आएको बताए । गाउँपालिका अध्यक्ष हरि बहादुर रोकायाले भने अहिले पाल, कम्बल मात्र सहयोग गरेको वताए । पुरै घर चर्केका छन् । जमिन समेत चिराचिरा भएकाले गाउँनै सुरक्षित ठाउँमा बिस्थापन गनुपर्ने वताएका छन् । सुरक्षित ठाउँमा राखेर पिडितको घर निर्माण गर्नुपर्ने वताए ।

# फुटवल खेल्न बहिरा संघको टोली पोखरा प्रस्थान

**पोष्ट संवाददाता**

धनगढी । पोखरामा आयोजना हुन लागेको दोश्रो राष्ट्रब्यापी बहिरा सेभेन ए साइड फुटवल प्रतियोगिताका लागी बहिरा संघ कैलालीको टोली त्यस तर्फ प्रस्थान गरेको छ । बुधबार फुटवल खेल्नका लागी कैलालीको टोली पोखरा गएको प्रशिक्षक बिजय साउँदले बताए ।

कैलाली बहिरा संघको टिम फुटवल प्रतियोगितामा सहभागी हुने र उत्कृष्ट प्रदर्शन गर्ने साउँदले अपेक्षा लिएका छन् । बहिरा संघ पोखराको आयोजनामा माघ २० गतेदेखी २३ गतेसम्म पोखरामा हुन लागेको दोश्रो राष्ट्रब्यापी बहिरा सेभेन ए साइड फुटवल प्रतियोगितामा कैलालीको टिमले बिजेता हुने गरी तयारी गरेको उनले बताए। सक्दो राम्रो पदर्शन गर्ने गरी खेलाडी तयार पारेको उनले बताए ।

बहिरा संघ कैलालीको टिमलाई प्रतियोगितामा जानका लागी कैलालीका बिभिन्न संघ संस्थाहरुले सहयोग गरेका छन् । बहिरा संघ कैलालीका अनुसार कैलाली उधोग बाणिज्य संघले रु ५ हजार, धनगढी उप महानगरपालिकाले १५ हजार, माया मेट्रो अस्पतालले ५ हजार सहयोग गरेको छ ।

# क्षमता भन्दा बढी कैदीबन्दी हुँदा समस्या

**पोष्ट संवाददाता**

धनगढी । दार्चुला कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा व्यवस्थापनमा समस्या भएको छ । ४० जना कैदीबन्दीको क्षमता रहेको कारागारमा हाल ६४ जना रहेका छन् ।

क्षमताभन्दा बढी कैदीबन्दी हुँदा उनीहरूलाई बस्न समस्या भएको जिल्ला कारागारका जेलर रामराज पन्तले बताए । २५ जना पुरुष र १५ जना महिला कैदीबन्दी राख्ने क्षमता भएको कारागारमा ६१ जना पुरुष र ३ जना महिला कैदीबन्दी राखिएको उनले बताए ।

कारागारमा सबैभन्दा बढी जबरजस्ती करणी मुद्दाका १९ कैदीबन्दी छन् । कर्तव्य ज्यान मुद्दाका १४ पुरुष कैदी रहेको जेलर पन्तले बताए । यस्तै चोरी डकैती मुद्दाका दुई पुरुष, बहुविवाह मुद्दाका एक महिला र एक पुरुष, बालविवाह मुद्दाका एक पुरुष, चोरी मुद्दाका सात कैदी र एक थुनुवा, वन्यजन्तु ओसारपोसारका तीन कैदी र एक बन्दी तथा लागूऔषध मुद्दाका एक कैदी (पुरुष) र एक बन्दी (पुरुष) रहेका प्रमुख पन्तले बताए ।

यसैगरी जबरजस्तीकरणी, बालविवाह मुद्दाका एक पुरुष , बहुविवाह मुद्दाका दुई पुरुष र एक महिला, व्यक्ति बेपत्ता मुद्दाका एक महिला र एक पुरुष र आत्महत्या दुरुत्साहन मुद्दाका एक पुरुष कैदी जेलमा रहेका छन् ।

## पोषण कार्यक्रम...

देखिनै बालबालिकालाई बोत्तलको दुध खुवाउने प्रवृति बढेको छ,' भुषालले भने, 'यसले बालबालिकालाई कुपोषणको सिकार बनाइरहेको छ ।' स्थानीय तह सक्रिय भए मात्रै कुपोषण हट्ने उनले बताए । 'अहिले पोषण कार्यक्रममा आएको बजेट पनि कार्यान्वयन भएको देखिदैन,' उनले भने, 'गो गैर जिम्मेवर जस्तो देखिएको सवै पालिकालाई जिम्मेवार भएर लाग्न अनुरोध गर्दछु ।'

कार्यक्रममा स्वास्थ्य कार्यालय कैलालीका प्रमुख लालबहादुर धामी, राष्ट्रिय पोषण तथा खाद्य सुधार सचिवालयका अनुगमन अधिकृत सञ्जीव सहनी र युनिसेफका पोषण अधिकृत प्रकाशचन्द्र जोशीले कार्यपत्र प्रस्तुत गरेका थिए ।

## रवि लामिछानेले...

शक्तिमा रूपान्तरण गर्ने ध्येयका साथ उनी राजनीतिमा होमिए । जनताले रवि लामिछानेलाई पुरातन सोच, शैली र नेतृत्वले थिलथिलो भएका पारम्परिक पार्टीहरूको विकल्पको रूपमा चुने । र, उनको पार्टीले गएको प्रतिनिधिसभा निर्वाचनमा ऐतिहासिक सफलता पनि पायो। उनी आफैंले सोचेभन्दा धेरै शक्ति हासिल पनि गरे ।

तर, जनताले उनलाई दिएको मतादेश अनुरूप उनले आगामी राजनीतिक यात्रा तय हुनेमा भने सन्देह देखिन थालेको छ । किनकि उनका हरेक गतिविधिभित्र त्यही 'लोकरिभ्याईं'वाला वैचारिकी नै अभिव्यक्त हुने गरेको छ। अनि निर्वाचनपछिका उनका बोली र व्यवहारबीच पनि दूरी बढ्दै गएको देखिन्छ । उनले जे-जसरी सरकारमा जान हतार गरे र त्यसयता जेजस्ता परिघटनाहरू आन्तरिक एवं बाह्य रूपमा देखा पर्दैछन् ती सबै उनको यथोचित राजनीतिक निरन्तरताका लागि प्रश्नवाचक बनेका छन् । तथापि भोलिको अनुमान अहिल्यै गर्नु हतारो हुनेछ ।

उनमा पलाउँदै गरेको दम्भ र अहंकारको आकार क्रमशः बढ्दै जाँदा लोकरिभ्याईंको खास्टो भने उघारिँदै जानेछ । आखिर उनी वैधानिक र कानुनी हिसाबले राज्यको जुन व्यवस्था सुधार्ने कुरा गर्दैथिए, आफ्नै नागरिकताको सवालमा भने त्यही राज्यको विद्यमान सामान्य कानुनी प्रक्रिया अवलम्बन गर्नमा समेत उनी इच्छित देखिएनन् । यसर्थ, दिवंगत प्रेम आचार्यले जसरी जनजीविका सम्बन्धी 'विद्रोह' का लागि गरेको हतप्रभ आत्मदाहले तत्कालै विद्रोहको जग हाल्न सक्दैन, त्यसरी नै राजनीतिमा विद्यमान 'फोहोर' सफा गर्न राजनीतिमै छिरेका रवि लामिछानेको लोकरिभ्याईंकेन्द्रित अभिव्यक्ति र हाउभाउले व्यवस्थामा देखिएका अर्थ-राजनीतिक भ्वाङ टालेर जनतालाई सुबिस्ता दिलाउन उति सहज देखिँदैन ।

## लोटस आईद्वारा....

भने कडायत नै रहेका छन ।

सर्वाधिक धनराशिको विद्यालय स्तरीय यु-१९ टी-२० क्रिकेट प्रतियोगिता एलपीएल यही माघ २१ गतेदेखी सुरु हुदैछ । प्रतियोगिताको उद्घाटन खेलमा लोटस आइ इङ्लिस सेकेन्डरी स्कुल अत्तरिया र सत्यवती एकेडेमी अत्तरिया आमनेसामने हुनेछन् । कैलालीको धनगढी स्थित फाप्ला क्रिकेट मैदानमा खेलाईने उक्त प्रतियोगीताको विजेतालाई २ लाख ५१ हजार १ सय ११ र उपविजेतालाई १ लाख २५ हजार ५ सय २५ नगदसहित ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिने छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद २० हजार, उत्कृष्ट बलर र ब्याट्सम्यानले १०/१० हजार नगदसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नेछन् । त्यस्तै उदयमान खेलाडीलाई नगद ५ हजार र प्रत्येक खेलको प्लेयर अफ दी म्याचलाई २ हजार प्रदान गरिने आयोजकले जनाएको छ।


आत्महत्या समस्याको समाधान होइन,
अमुल्य जीवन त्यसै खेर नफालौं,
समस्याको समाधान खोजौं ।

सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
धनगढी, कैलाली

**बसन्त पञ्चमी (सरस्वती पुजा)को हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।**

नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो ! नि:शुल्क भर्ना खुल्यो !

यस लिटिल एन्जल्स मन्टेश्वरी विद्यालय धनगढी -८, सेतोपुल नजीकै बसन्त पञ्चमी (सरस्वती पुजा)को पावन अवसरमा नि:शुल्क भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं। सिट सिमीत भएकोले समयमै सम्पर्क राख्न अनुरोध छ।

**हाम्रा विशेषताहरू**

- नि:शुल्क भर्ना।
- मन्टेश्वरी पद्धतिबाट पढाई हुने।
- शान्त र सुरक्षित निजि भवन।
- स्कुल भ्यानको व्यवस्था।
- सि.सि. टि.भि. जडान गरिएको।
- तालिम प्राप्त, योग्य र मिलनसार स्कूल स्टाफहरू।
- शुद्ध तातो-चिसो खाने पानीको व्यवस्था।
- अतिरिक्त क्रियाकलाप (नाच, गान, क्रीकेट, फुटबल, हाजिरी जवाफ प्रतियोगिता र विजयीलाई आकर्षक पुरस्कार ।
- अडियो भिजुअल क्लास।
- दैनिक दुई पटक शुद्ध सफा पौष्टिक खानाको व्यवस्था।

Dr. Bhaskar Upadhyay is a chief director of Little Angles Montessori (Professor of STEM & International Development Education, College of Education & Human Development, University of Minnesota, Minneapolis, USA.



लिटिल एन्जल्स मन्टेश्वरी
धनगढी-८, सेतोपुल
Little Angels Montessori Estd 2078
Quest For Excellence
सम्पर्क : ०९१-५२६४२९, ९८४७५११७७६, ९८२५६०९६९७

**कर्मचारी आवश्यकता**

यस ए-वान ड्राईक्लीनर कम्पनीलाई दुई महिला कर्मचारी (रिसेप्सनीष्ट (Receptionist) को आवश्यकता भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
तलब : आपसी सहमतीमा ।

सम्पर्क नं. :
ए-वान ड्राईक्लीनर
मेनरोड धनगढी (चौलानी डिपार्टमेन्टल स्टोरको अगाडि)
फोन : ९८०४६०९३२२

**खुशीको खबर ! खुशीको खबर !!**

*"सीप सिकौं आत्मनिर्भर बनौं ।"*

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

८ जनाको समूह बनाइ आएमा १ जनाको फी छुट गरिनेछ।

साथै कपडा पनि उपलब्ध छ ।

**वबी बुटिक**
एल.एन.चौक, धनगढी
मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९

*पत्रिका मागेर होईन किनेर बढौं ।*


## २०७९ यस्तो छ तपाईको राशिफल माघ १९

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,
शारीरिक सुन्दरता आउने छ । धन लाभको अवसर आएको छ । राम्रो काम गर्न मन जानेछ । विचार पुऱ्याउनु होला ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो
तपाईको प्रगति हुने दिन छ । अर्थपूर्ण दिन छ । नयाँ काममा लाग्ने पालो उत्साह पलाउने छ । धैर्य गर्नुहोला ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह
धेरै कामको झमेला आईलाग्ने छ । शारीर आलश्य हुनेछ । कतै विवाद नहोला भन्न सकिन्न, विचार पुऱ्याउनु होला ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो
माया प्रेमको लागि समय एवं पैशा खर्च हुने दिन रहेको छ । तपाईले गर्ने धेरै काममा सफलता मिल्ने छ ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे
सामाजिक एवं रानैतिक काममा प्रगति हुनेछ । राजनितिमा तपाईले नसोचेको कामबाट फाईदा हुनेछ ।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो
सामाजिक विश्वासको वातावरण बन्ने छ । तपाईले गरेका काममा अरुबाट आवश्यक सहयोग प्राप्त हुनेछ ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते
मायाप्रेम एकोहोरो जस्तो हुनेछ । नेतृत्वदायी भूमीका निर्वाह गर्नूपर्ने छ । तपाईका कामको विश्वास हुनेछ ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू
शारीरिक सवलता आउने छ । साना ठूला अप्ठ्यारो काम सम्पन्न हुने छन् । धेरैथोरै आर्थिक लाभ हुने छ ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे
आध्यात्मिक तथा धार्मिक कार्यमा सहभागी हुनुपर्ने छ । वैवाहीक तथा पारिवारिक जिवनमा सहजता आउला ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी
धार्मिक कार्य प्रति चासो बढ्ने छ । सार्वजनिक सभा सम्मेलनमा सहभागि हुनुपर्ने छ । आम्दानी पनि राम्रै होला ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द
साहित्य एवं सामाजिक कार्यमा सहभागी हुनुपर्ने छ । सरकारी कामकाजबाट सन्तोषजनक लाभ हुनेछ ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची
अधुरा काम सम्पन्न हुनेछन् । पुरानो धनद्रब्य आम्दानी हुनेछ, ऐतिहासिक ठाउँको यात्रा हुनेछ ।

# मझगाउँ विमानस्थल बनाउन निकुञ्जले दियो सहमती

**पोष्ट संवाददाता**

धनगढी । जग्गा विवादका कारण रोकिएको मझगाउँ विमानस्थल निर्माण पुनः सुरु हुने भएको छ। यसअघि कागजातबिना मध्यवर्ती क्षेत्रमा पर्ने रत्न बाटिकामा सरसफाई गरेको भन्दै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले हस्तक्षेप गरेको थियो । अहिले जग्गा प्राप्तिको प्रक्रियासँगै निकुञ्ज प्रशासन र नेपाली सेनाले काम नरोक्ने मौखिक सहमति जनाएपछि निर्माण पुनः सुरु हुने भएको हो ।

औपचारिक रूपमा जग्गा प्राप्त नभए पनि मौखिक सहमतिका आधारमा निर्माण अघि बढाइने कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपाल प्रसाद अर्यालले बताए ।

विमानस्थलको दक्षिणतर्फ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै जोडिएको रत्नबाटिका र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको खेल मैदान रहेको जमिनको भोगाधिकार नपाउँदा निर्माण रोकिएको थियो। विगतमा निर्माण चलिरहेकै बेला निकुञ्ज प्रशासनले निर्माण कम्पनीका ६ जना कामदारसहित उपकरण नियन्त्रणमा मुद्दा चलाएपछि गत चैत १७ गतेदेखि काम रोकिएको थियो ।

प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालसहित भीमदत्त नगरपालिकाका नगर प्रमुख पदम बोगटी, निकुञ्जका सहायक संरक्षण अधिकृत मनोज ऐरलगायत नेपाली सेना, निर्माण कम्पनीका प्रतिनिधिलगायतको छलफलले निर्माणमा अवरोध नगर्ने लिखित सहमति भएको छ । उक्त सहमतिपछि निर्माण कम्पनी कान्छाराम-केएस-उमा एन्ड कम्पनीले काम पुनः सुरु गर्न लागेको हो । यसअघि पनि स्थानीय र जनप्रतिनिधिले विमानस्थल निर्माण पुनः सुरु गर्न पटकपटक मौखिक सहमति जनाइसकेका छन्। सशस्त्र द्वन्द्वका बेला सुरक्षाको कारण देखाउदै बन्द भएको मझगाउँ विमानस्थल पुनः संचालनका लागि ४५ लाख रुपैयाँमा सम्झौता भएको हो ।

उनले कामदारदेखि निर्माणका उपकरण सबै तयार भइरहेकाले अब काम सुरु हुने बताए । निर्माण कम्पनी कान्छारामरकेएस जेभीका इन्जिनियर जितेन्द्रकुमार यादवले रनवेमा माटो भर्ने काम नसकिएको साइड क्लियर पनि पूरा नभएको बताए ।

असारसम्म केही मात्रामा माटो भर्ने र साइड क्लियर पार्ने काम भएको छ । रत्नवाटिका क्षेत्रमा रहेका बुट्यान र रूख हटाउने क्रममै निकुञ्जले अवरोध गरेको थियो । विमानस्थल निर्माणका लागि ०७८ कात्तिकमा ४५ करोड ६६ लाखमा तीन वर्षभित्र काम सक्ने गरी ठेक्का सम्झौता भएको छ। अहिले मझगाउँ विमानस्थलको लम्बाइ १ हजार मिटर छ। रत्नवाटिका र सेनाले भोगचलन गरिरहेको जमिन प्राप्त भएपछि यसको लम्बाइ १५ सय २५ मिटर पुग्छ ।

# सीमित श्रोतसधानका कारण काम गर्न समस्या : मेयर भट्ट



**पोष्ट संवाददाता**

धनगढी । कैलालीको गोदावरी नगरपालिकाका नगरप्रमुख बिरेन्द्र भट्टले सिमित श्रोत साधनले आसिमित आवश्यकता पुरा गर्न समस्या भएको बताएका छन् । बुधबार गोदावरी नगरपालिकाको नवौं नगरसभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मेयर भट्टले जनताका अपेक्षा स्वाभाविक भएपनि सिमिति श्रोत साधनका कारण सबै पुरा गर्न सक्ने अवस्था नरहेको बताएका हुन् ।

'हामी जनप्रतिनिधि संग नगरका जनताले, नगरका कर्मचारीले अपेक्षा गर्नु स्वाभाविक कुरा हो, तर, हामीले बुझ्नुपर्ने कुरा के पनि छ भने हामी कुन अवस्थामा छौ, हाम्रो आर्थिक अवस्था के छ ?,' उनले भने 'नगर संग सिमित श्रोत साधन छ, तर, नगरका आवश्यकताहरु धेरै छन्, यो तपाई हामी सबैलाई थाहा भएको कुरा हो ।'

उनले चुनाव लड्दै गर्दा बिभिन्न ठाउँमा गरेका बाचाहरु पुरा गर्न गाह्रो भएको बताए । उनले भने 'हामीले चुनावका बेला बिभिन्न ठाउँमा बिभिन्न बाचाहरु गरेका थियौ । यी सबै बाचा पुरा गर्न गाह्रो छ । त्यसको कारण पैसाको अभाव हो ।'

उनले अत्तरिया चोकको विकास गर्न सके समग्र नगरको नाम अगाडी बढ्ने भएपनि सेना र सशस्त्र प्रहरीका कारण यो काम पुरा हुन नसकेको बताए । 'हामी सुदूरपश्चिम प्रदेशको मुख्य द्धारमा रहेका छौं । हामीसंग एक मात्रै चोक छ । यो चोकलाई सुधार गर्न सक्यौ भने पनि नगरको नाम अगाडी बढ्न सक्छ' उनले भने 'विडम्बना यो क्षेत्र आर्मी, सशस्त्रको भोगाधिकार भित्र छ । हामी चाहेर पनि त्यसको विकास गर्न सकिहरेका छैनौ ।'

उनले नगरपालिकाको पर्यटकिय विकासका लागि गोदावरी धामको विकास आवश्यक भएपनि त्यसका लागि नगरको बजेटले सम्भव नभएको बताए । 'गोदावरीलाई धार्मीक पर्यटकिय क्षेत्रका रुपमा विकास गर्न सक्ने अवस्था छ । तर, त्यो नगरको बजेटले भ्याउदैन । माथिबाट माग गर्दै जादा हामीलाई डिपिआरको आवश्यकता पर्छ' उनले भने 'यसअघि पनि डिपिआर बनेको भनिएको थियो । तर, ति अहिले भेटिएका छैनन्। बसपार्कको अधुरो डिपिआर मात्रै भेटिएको छ ।'

उनले नगरका जनप्रतिनिधिले पनि बजेट नपाएको गुनासो गर्नु दुःखद भएको बताए। उनले भने 'समग्रमा हाम्रो नगरमा समस्या नै समस्या छन । जनताले बिभिन्न माग गर्नु स्वभाविक हो । तर जनप्रतिनिधिले सबै कुरा थाहा पाउँदा पाउँदै पनि बजेट दिएन, काखापाखा भयो भन्नु दुःखको कुरा हो ।'

उनले यस क्षेत्रमा कृषिको धेरै सम्भावना रहेकाले त्यसको विकासका लाग आफू लागिपरेको बताए। 'कृषिबाट वेरोजगारीको समस्या सामाधान गर्न सकिन्छ। अहिले मैले व्यक्तिगत प्रयासमा कृषिमा ६० लाख बजेट केन्द्रबाट ल्याउन सफल भएका छौं' उनले भने 'हामी हिजोका अवस्थामा नगरपालिका रहनु हुदैन केही परिवर्तन हुनपर्छ भन्ने सोचका साथ लागिरहेका छौ । हामी कुन राजनीतिक दलबाट आयौ भन्ने कुरा सकियो अव हामी सबै संगै अगाडी बढ्न आवश्यक छ ।'

उनले नगरको छाडा चौपायाको समस्या सामाधानका लागि ऐन बनाएर काम अगाडी बढाएको बताए । 'छाडा चौपायाको समस्या सामाधानका लागि २०७४ देखि ७८ सम्म करोडौ रुपैयाँ खर्च भएको देखिएको छ। तर, समस्या जस्ताको त्यस्तै छ' उनले भने 'अहिले अलि समय लागेपनि यसलाई ऐन नै बनाएर समस्या सामाधान गर्न तर्फ लागेका छौ ।'

# शिक्षा समूहले दस्तावेज निर्माण गर्दै

**पोष्ट संवाददाता**

धनगढी। नेपाल शिक्षा समुह सुदूरपशिचम प्रदेशको बैठक सम्पन्न भएको छ । धनगढीमा सम्पन्न बैठकले प्रदेश स्तरको विपत पुर्व तयारी तथा प्रतिकार्य योजनाको दस्तावेजमा छलफल, प्रदेश शिक्षा समुहले निर्माण गरेको वेभ पार्टल सम्वन्धमा छलफल गरेको छ ।

बैठकमा आगामी आइतबार भित्र दस्तावेजका लागि सुझाव समुहमा पठाइसक्नुपर्ने र वेभ पोर्टललाई आकर्षक र व्यवस्थित बनाउन सुझाव समेत संकलन गर्ने विषयमा छलफल भएको थियो। यसैगरी बैठकमा सुदूरपश्चिममा दुई पटक गएको भुकम्पले बाजुरा र डोटीमा विद्यालयमा भएको क्षति संकलन गरी आवश्यक सहयोगका लागि माग गर्ने समेत निर्णय गरेको छ ।

सामाजिक विकास मन्त्रालयको नेतृत्वमा गठित शिक्षा समुहमा विभिन्न दातृनिकायका प्रतिनीधिहरु, शिक्षासंग सरोकार राख्ने निकायका प्रतिनीधिहरु र नागरिक समाजका प्रतिनीधि सदस्य रहेका छन् ।

यो समुहले खासगरी विभिन्न प्रकोप तथा महामारीका वेला शिक्षा क्षेत्रलाई कसरी प्रभावकारी बनाउने भन्ने बारेमा दस्तावेज तयार गरिरहेको छ ।

# अवैध मदिरा वेचे तीनपुस्ते विवरण सार्वजनिक गरिने

**पोष्ट संवाददाता**

धनगढी। बैतडीको पाटन नगरपालिका वडा नं १ ले अवैध मदिराको कारोबारमा रोक लगाउँदै कसैले अवैध मदिरा कारोवार गरे तीन पुस्ते वितरण सार्वजनिक गर्ने चेतावनी दिएको छ । अवैध मदिराको कारोबारले समाजमा विभिन्न खालका समस्या आएकाले मदिराको कारोबारमा पूर्ण रुपमा रोक लगाइएको वडा अध्यक्ष तर्कसिंह ठगुन्नाले बताए ।

वडालाई मदिरा निषेधित क्षेत्र घोषणा गरेको भएपनि अवैध रुपमा मदिराको कारोबार भइरहेको व्यापक जनगुनासो आएकाले वडा कार्यालयले सूचना प्रकाशन गरेर त्यस्तो कार्यमा संलग्न हुनेहरुलाई कारवाही गर्ने चेतावनी दिएको छ । अवैध मदिराका कारणले महिला हिंसा लगायतका अपराधहरु बढ्न थालेका वडा अध्यक्ष ठगुन्नाले बताए । 'हामीले अवैध मदिराको कारोबारमा पूर्ण रुपमा रोक लगाउने निर्णय गरेका छौं,' उनले भने, 'निर्णय विपरित कसैले विक्रि वितरण गरेको पाइएमा कानुन अनुसार कारवाही गर्ने र उसको तीन पुस्ते विवरण सार्वजनिक गरिने छ ।'

वडाको सूचनाको अवज्ञा गरेर कसैले मदिराको कारोबार गरेमा नगरपालिका तथा वडाबाट पाइने सेवा सुविधाबाट वञ्चित गरिने वडा कार्यालयले जनाएको छ ।

वडाभित्र कसैले मदिराको कारोबार गरेमा उसको तीनपुस्ते समेत सार्वजनिक गरिने वडा कार्यालयले जनाएको छ। यस्तै सामाजिक सुरक्षा भत्ता, सिफारिश लगायतका सेवा सुविधा नदिने वडा अध्यक्ष ठगुन्नाले बताए ।

उनले भने 'हामीले समाजलाई सभ्य बनाउन यो निर्णय गरेका हौं । यसको पालनाका लागि सबैलाई आग्रह गरिरहेका छौं ।' मदिराको कारोबारमा संलग्न हुनेहरुलाई सामाजिक बहिष्कार सम्मको कारवाही गर्ने वडाको तयारी रहेको छ ।

ग्रामीण क्षेत्रमा मदिराकै कारण विभिन्न खालका घटना हुने भएकाले वडा कार्यालयको यो निर्णयको स्थानीयहरुले समेत स्वागत गरेका छन् । मदिराको कारोबारमा रोक लगाउने निर्णय निकै राम्रो भएको स्थानीय जानकी बोहराले बताइन् । उनले भनिन् 'मदिराकै कारण धेरै हिंसाका घटनाहरु भइरहेका छन् । यसको कारोबारमा रोक लगाउने निर्णय निकै राम्रो छ। यसलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।'




धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी